☎०७८-५४०१७० , ५४११९६
Email:info@kawasotimun.gov.np
Website: kawasotimun.gov.np

कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

गण्डकी प्रदेश, नेपाल

प.सं. 0७९/0८0

च.नं.

**पोषण सम्बन्धी आयमुलक कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान गरिएको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः२०७९/०८/०८ गते**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व.२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न नगद अनुदान बजेट ६२५,०००/- (**अक्षेरुपी छ लाख पच्चीस हजार रुपैया मात्र**) रहेको र देहायको छनौट मापदण्डका आधारमा कार्यान्वयन गरिने भएको हुँदा सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

| क. स | कार्यक्रमको नाम | कुल बजेट | प्रस्ताव पेश गर्ने स्थान र समय | कैफियत |
|---|---|---|---|---|
| १ | पोषण सुधारको लागि विपन्न समुदायका महिला समूह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम गर्न नगद अनुदान | ६२५,०००/- | कावासोती नगरपालिका नगर कार्यपालिकाको कार्यालय नवलपरासी (ब.सु.पू.) मितिः- २०७९/८/२२ गते अपरान्ह ४ बजे सम्म | प्रस्तावको निवेदन www.kawasotimun.gov.np बाट download गर्न सकिनेछ । |

**प्रस्तावमा उल्लेख हुनु पर्ने कुराहरुः-**

- प्रस्ताव पेश गर्ने कावासोती नगरपालिका अन्तर्गतको महिला समुह वा सहकारी संस्था हुनुपर्नेछ ।
- दलित विपन्न सिमान्तकृत महिलाहरुको नाम, ठेगाना, सम्पर्क नम्वर २५ जनाको उल्लेख गरेको हुनुपर्नेछ ।
- वर्तमान अवस्थामा रहेका हजार दिनका (आमाको गर्भ रहेदेखि बच्चा २ बर्षको अवधीका )महिलाहरुको पोषण अवस्था के छ ? आर्थिक विवरण सहितको प्रतिवेदन हुनुपर्नेछ।
- महिला समुह वा सहकारी संस्थाका सदस्यहरु मध्ये सुनौला हजार दिनका आमाहरु मध्ये २५ जना सदस्यलाई मात्र अनुदान ब्यवस्था मिलाउने महिला समूह वा सहकारी संस्थाको ब्यवस्थापन समितिको निर्णय सहितको प्रस्ताव हुनुपर्नेछ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना समेत पेश गर्नुपर्नेछ ।
- प्रस्ताव पेश गर्ने महिला समुह वा सहकारी संस्थाले सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको हुनुपर्नेछ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस हुनुपर्नेछ ।

**थप जानकारीका लागि कावासोती नगर कार्यपालिकाको कार्यालय महिला बालबालिका शाखामा सम्पर्क गर्न सकिनेछ ।**

.........
पिताम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत
का.न.पा